# श्री कोशी माध्यमिक विद्यालय,पश्चिम कुशाहा

कोशी गाउँपालिका वडा नं.-२

स्था:२०१५ साल

च.नं :- ४५

प.सं.०८१/०८२

मिति : २०८१ /०९ /०३ गते

## जीर्ण भौतिक संरचना भएको भवन लिलामी बढाबढको सूचना !

## दोस्रो पटक प्रकाशित मिति : २०८१/०९/०३ गते

यस कोशी गाँउपालिका वडा नं.-०२ स्थित श्री कोशी मा. वि. प. कुशाहाको कम्पाउन्डको पश्चिमतर्फ रहेको जीर्ण (९) नौ कोठे कर्कट पाता भएको भवन लिलामी डाक बढाबढ गरी बिक्री गर्न गाँउपालिका बाट स्वीकृत भई मूल्याङ्कन समितिले पेस गरेको लिलाम बढाबढको न्यूनतम रकम रू.१७,७८,३२१। ७७ ( अक्षेरेपि रू. सत्र लाख अठहत्तर हजार तीन सय एक्काईस रुपैयाँ सतहत्तर पैसा ) लाई समेत मिति २०७९/०५/२७ गते बसेको वि.व्य.स. बैठकबाट स्वीकृत भएकाले, सोको आधारमा प्रथम पटक सूचना प्रकाशन गर्दा डाक बढाबढ गरी बिकी नभएकाले पुन: वि.व्य.स. को मिति २०८१/०८/२८ गतेको निर्णय बमोजिम दोस्रो पटक सोही मूल्याङ्कनका आधारमा निम्न बमोजिमको सर्तहरू सहित लिलाम डाक बढाबढको ( १५ ) पन्ध्र दिने सूचना प्रकाशित गरिएको छ ।

**सर्तहरू :**

१. लिलाम बिकीमा रहेका जीर्ण भवन यस कार्यलयमा सम्पर्क गरी सूचनाको मान्य अवधिमा हेर्न सकिनेछ ।

२.लिलाम बढाबढ सूचना प्रकाशित भएको १६औं दिन मिति २०८१-०९-१८ गते बिहिबारको दिन १:०० बजेदेखि यस विद्यालयको प्राङ्गणमा लिलाम बढाबढ कार्य सुरू हुनेछ, र डाक अङ्क बढ्न गएमा सोही अनुपातमा धरौटी रकम ( नगद ) थप गर्दै जानु पर्नेछ ।

३.डाक अङ्क बढाबढ गर्दा एक पटकमा रू. १००००।- भन्दा बढी डाक बढाबढ गर्न पाइने छैन ।

४. लिलाम बढाबढ हुने दिन बोल कबोल रकमको ५ प्रतिशत अग्रिम धरौटी विद्यालयमा जम्मा गर्नु पर्नेछ ।

५. डाक बढाबढ स्वीकृत भई नियमानुसार कार्यादेश पाई सकेपछि स्वीकृत भएको ( ७ ) सात दिनभित्र बोल कबोल रकम यस विद्यालयको खाता नं. १०९०१०५०००२११० नेपाल इन्भेष्टमेन्ट मेगा बैंक ( लौकही )मा जम्मा गरी सक्कल भौचर विद्यालयमा पेस गर्नु पर्नेछ ।

६. बोल कबोल गर्ने दाता सम्झौता गर्न नआएमा निजले जम्मा गरेको ५ प्रतिशत अग्रिम धरौटी जफत गरी नियमानुसार प्रकिया अगाडि बढाइनेछ ।

७. यस सूचनामा छुटेका कुराहरू कानूनबमोजिम हुने छन् । डाक बढाबढ सम्बन्धि जानकारी लिन चाहेमा कार्यालय समयभित्र सम्पर्क नं. ९८४२०७७१८७ / ९८१९३९३१५३ मा सम्पर्क गर्न सकिनेछ ।

८. लिलाम बढाबढ हुने दिन सार्वजानिक बिदा पर्न गएमा सोको भालिपल्ट लिलाम बढाबढ हुने छ ।

प्रधानाध्यापक

वि.व्य.स. अध्यक्ष

गोसाई यादव

koshisec@gmail.com

Page: ..........................

आज मिति २०८१/०८/२८ गते शुक्रबारका दिन यस श्री कोशी माध्यमिक विद्यालय प. कुशाहा, कोशी-२ को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष श्री गोसाइ यादवको ज्यूको अध्यक्षतामा बसेको बैठक निम्न प्रस्तावहरु माथि छलफल गरी पारित गरियो ।

उपस्थिति:

| | | |
|---|---|---|
| १. श्री गोसाइ यादव (वि.व्य.स. अध्यक्ष) | | [signature] |
| २. श्री रामपुकार शाह | सदस्य | रामपुकार शाह |
| ३. ,, छयाली उराँव | वडा प्रतिनिधि | [signature] |
| ४. ,, फेकनदास मोची | सदस्य | [signature] |
| ५. ,, राजन उराँव | ,, | |
| ६. ,, ओत्रिदेवी उराँव | ,, | [signature] |
| ७. ,, रेखा मण्डल | ,, | रेखा |
| ८. ,, रामशरण मेहेता | शि. प्रतिनिधि | [signature] |
| ९. ,, नागेश्वर शाह | सदस्य सचिव | [signature] |
| १०. ,, उज्जन कु. दाहाल | शिक्षक | [signature] |

प्रस्तावहरु:

१. पुरानो (९) नौ कोठे भवनको डाँकबढाबढी (लिलामी) सम्बन्धमा
२. बाल कक्षाको भुई प्लास्टर सम्बन्धमा
३. बाल कक्षा व्यवस्थापन सम्बन्धमा
४. कक्षा १० (८२१) को भेन्टिलेसन घेराबेरा सम्बन्धमा
५. विविध

निर्णयहरु;

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस विद्यालय मा रहेको पश्चिम किनारतर्फको पुरानो (९) नौ कोठे

कर्कटपालोवाला भवन पुरानो वि.व्य.स. को
निर्णय मिति २०७९/५/२६ गते सोमबार बसेको
बैठक अनुसार लिलाम डाँकबढाबढको सूचना
यस गाउँपालिकाको कार्यपालिकाको प्राविधिक
द्वारा गरिएको न्यूनतम मूल्याङ्कन रु.१७,७८,३७१.७७
(अक्षरेपि रु. सत्र लाख अठहत्तर हजार, तीन सय, एकहत्तर
रुपैंया सतहत्तर पैसा) लाई आधार मानी मिति २०८१/
०८/०५ गते बुधबारका दिन १५ (पन्ध्र) दिनको
म्याद राखी प्रथम सूचना टाँस गर्ने भनी
सर्वसहमति बाट निर्णय पारित गरियो।

प्रस्ताव नं. २ माथि छलफल गर्दा बाल कक्षाको
भुईं जीर्ण अवस्थामा रहेको हुनाले मर्मत सम्भार
गर्ने भनी गाउँपालिकाको प्राविधिकलाई बोलाई
मूल्याङ्कन ~~अनुसार~~ गर्ने भन्ने निर्णय गरियो।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बालकक्षामा
बच्चाहरूलाई बस्न अत्याधिक चिसो भएको
हुनाले कार्पेट लगाउने भनी निर्णय गरियो।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा कक्षा १० (दश)
मा ओछ्याइलसन लगाउनको लागि प्राविधिक मूल्याङ्कन
गर्ने भनी निर्णय गरियो।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा आवश्यकता अनुसार
पुनः बैठक बस्ने भनी निर्णय गर्दै आजको
बैठक सुसम्पन्न गरियो।